नयाँ वर्ष २०६० को शुभकामना सहित 'हाम्रो वन सम्पदा'को दोश्रो अङ्क यहाँ समक्ष पुऱ्याउन पाउँदा हामीलाई खुशी लागेको छ । यहाँका अमूल्य सल्लाह र सुझावहरुले यो अङ्क अझै परिस्कृत बनाउन सफल भएका छौं भन्ने हामीलाई लागेको छ । तुलनात्मक रुपमा यो अङ्कमा प्राकृतिक श्रोत व्यवस्थापनका धेरै पक्षहरु समेट्ने जमर्को गरेका छौं ।

क्षेत्रगत हिसावले यो अङ्कमा सामुदायिक वन, कवुलियती वन, राष्ट्रिय निकुन्ज र गैह्रकाष्ठ वन पैदावार सम्बन्धी विषयहरु समेटिएका छन् । त्यस्तै गरेर सवालका हिसावले हेर्ने हो भने वन स्रोतको व्यवस्थापनबाट न्यायोचितता, उपभोक्ता समूहलाई आवश्यक पर्ने सहयोग र सेवा, सामुदायिक वन व्यवस्थापनमा सूचनाको महत्व, सहभागिताको सवाल र संस्थागत सिकाई पर्दछन् । यी सवालहरु सामुदायिक वन विकासको वर्तमान सन्दर्भमा दोस्रो पुस्ताका सवाल (Second Generation Issue) का रुपमा महत्वपूर्ण मानिएका छन् । साथै माथि उल्लेखित विषय र सवालहरुमा उठाइएका प्रमुख नीतिगत मुद्दाहरुमा गरीब उपभोक्ताहरुको पहुँच बढाउने, संरक्षित क्षेत्रमा आदिबासीहरुको अधिकार स्थापित गर्ने जस्ता कुराहरु पर्दछन् ।

नेपालमा वन उपभोक्ता समूहको संख्यामा भएको वृद्धिसँगै विभिन्न खाले प्राविधिक एवं संस्थागत विकास सम्बन्धी सेवाहरुको अत्याधिक माग बढ्नुका साथै दिनानुदिन नयाँखाले सेवाहरुको समेत आवश्यकता देखिन थालेको छ । यो अङ्कमा सेवा सम्बन्धी माग र आपूर्ति व्यवस्था सम्बन्धी सवालमा सामुदायिक वन विकास महाशाखा (वन विभाग) का प्रमुख डा. केशव राज कणेलसँगको अन्तरवार्ता प्रस्तुत गरेका छौं । साथै स्थानीय स्तरका उपभोक्ता समूहहरुको आवश्यकता र सामुदायिक वन उपभोक्ता महासंघको भूमिकाको सवालमा सो महासंघका अध्यक्ष भिमप्रसाद श्रेष्ठसँगको अन्तरवार्ता प्रस्तुत गरिएको छ ।

त्यस्तै गरेर "सामुदायिक वन हिजो, आज र भोलि" र "वन कर्मीहरुको प्रेस विज्ञप्ति" नामक दुईवटा कविताहरुलाई पनि उचित स्थान दिइएको छ । यस बाहेक वन विभागवाट प्रकाशित सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित संस्करण) को समीक्षा गरिएको छ ।

अन्तमा यो अङ्क पढेर पहिलो अङ्कमा झैं यहाँले आफ्ना अमूल्य सल्लाह र सुझावहरु पठाउनु हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । यो अङ्क प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी शुभचिन्तक मित्रहरुलाई धन्यवाद दिंदै यसै सालको वर्षा ऋतुमा अझै परिष्कृत रुपमा अर्को अङ्क लिएर भेट्ने बाचा गर्दछौं ।

**सम्पादक**